# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
## (तेस्रो संशोधन, २०७५)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९

## (तेस्रो संशोधन, २०७५)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**

प्रकाशक : नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं, नेपाल

स्वीकृत मिति : २०६९/१०/१८
(पहिलो संशोधन, २०७२) स्वीकृत मिति २०७२।१।३१
(दोस्रो संशोधन, २०७४) स्वीकृत मिति २०७४।२।१९
(तेस्रो संशोधन, २०७५) स्वीकृत मिति २०७५।८।३

निर्णयस्तर : नेपाल सरकार (मन्त्रिपरिषद्)

प्रकाशन सहयोग : डब्लु डब्लु एफ नेपाल

प्रकाशित प्रति : १५००
प्रकाशन मिति : २०७८ जेष्ठ

मुद्रण : एनीटाइम प्रिन्टिङ एण्ड सप्लायर्स, बुद्धनगर, काठमाडौं
फोन नं. : ९८५११४८००५

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत मिति २०६९।१०।१८

(पहिलो संशोधन, २०७२) स्वीकृत मिति २०७२।१।३१

(दोस्रो संशोधन, २०७४) स्वीकृत मिति २०७४।२।१९

(तेस्रो संशोधन, २०७५) स्वीकृत मिति २०७५।८।३

**प्रस्तावनाः**

वन्यजन्तु (हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा▫, ब्वाँसो▫, जंगली कुकुर▫, जंगली बँदेल, अर्ना, मगर गोही*, गौरीगाई* र अजिङ्गर*) ले संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन लगायत अन्य वन क्षेत्र तथा अन्य गाउँ/वस्तीमा प्रवेश गरी स्थानीय जनताको जीउधनको क्षति पुऱ्याउने गरेको तर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र त्यस अन्तर्गत बनेका नियममावलीहरू तथा अन्य प्रचलित नेपाल कानूनमा समेत वन्यजन्तुबाट हुने क्षतिको राहत दिने व्यवस्था नभएको कारण यस्तो क्षति हुँदा स्थानीय जनता र संरक्षण निकाय तथा स्थानीय प्रशासनका बीच तनाव र द्वन्द्व सृजना हुँदै आएको छ।

वन क्षेत्रबाट वन्यजन्तु बाहिर आई क्षति पुऱ्याउने गरेको कारण स्थानीय जनताबाट पटक-पटक वन्यजन्तुले पुऱ्याएको क्षतिको राहत माग भई आएको सन्दर्भमा स्थानीयस्तरका सरोकारवाला संघ-संस्था, नागरिक समाजसँग छलफल र अन्तरक्रिया गरी प्राप्त राय सुझावका आधारमा वन्यजन्तुबाट हुने जीउधनको क्षति वापत तपसिलका मापदण्डको आधारमा पीडित नेपाली नागरिकलाई राहत उपलब्ध गराई वन्यजन्तु र स्थानीय बासिन्दाबीचको अन्तर सम्बन्ध घनिष्ठ राख्ने उद्देश्यले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ बमोजिम नेपाल सरकारले♦ यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१. **यो निर्देशिकाको नाम** "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५)♦" रहेको छ।

२. यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** यस निर्देशिकाको प्रयोजनको लागि

(क) "**वन्यजन्तुबाट हुने क्षति**" भन्नाले हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, जंगली बँदेल, ध्वाँसे चितुवा▫, ब्वाँसो▫, जंगली कुकुर▫, अर्ना, मगर गोही*, गौरीगाई* र अजिंगर*बाट हुने मानवीय

▫ पहिलो संशोधनद्वारा थप

* दोस्रो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा संशोधित

क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति र खाद्यान्न बाली (उखु र व्यवसायीक केरा खेती समेत) को क्षति समेतलाई जनाउँछ ।

(ख) "**गम्भीर घाइते**" भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्गभङ्ग हुने गरी घाईते भएको अवस्थालाई जनाउँछ ।

(ग) "**सामान्य घाइते**" भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नु पर्ने अन्य अवस्थाको घाईतेलाई जनाउँछ ।

♦(घ) "**संरक्षित क्षेत्र कार्यालय**" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयलाई जनाउँछ ।"

३. **वन्यजन्तुबाट हुने क्षतिको किसिम र राहत प्राप्त गर्ने आधारहरूः**

**(क) मानवीय क्षतिः** संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्र बाहेक अन्यत्र दफा २(क) मा उल्लिखित वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा उपचार गर्नु पर्ने गरी घाइते भएको अवस्थामा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ । त्यसैगरी संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा सरकारी काममा खटिएका कर्मचारी र वन संरक्षणको कामको लागि अनुमति लिई काममा खटिएका कामदारलाई उल्लिखित वन्यजन्तुले क्षति पुऱ्याएमा समेत यस निर्देशिका बमोजिम राहत उपलब्ध गराउन सकिनेछ ।

**(ख) पशुधनको क्षतिः** संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्र बाहेक अन्यत्र दफा २(क) मा उल्लिखित वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराउन सकिनेछ ।

❒तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

**(ग) भण्डारण गरेको अन्नको क्षतिः** दफा २(क) मा उल्लिखित वन्यजन्तुले घर/गोठभित्र भण्डारण गरेको अन्नको क्षति गरेमा मात्र क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराउन सकिनेछ ।

**(घ) घर/गोठको क्षतिः** दफा २(क) मा उल्लेखित वन्यजन्तुले प्रयोगमा रहेको घर/गोठको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

**(ङ) खाद्यान्न बालीको क्षतिः** दफा २(क) मा उल्लेखित वन्यजन्तुले खाद्यान्न (उखु र व्यवसायिक केरा खेती समेत) बाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

**(च) हिमाली क्षेत्र सम्बन्धी विशेष व्यवस्थाः** हिमाली संरक्षित क्षेत्रभित्र भएका बस्तीहरूमा दफा २(क) मा उल्लिखित वन्यजन्तुले क्षति पुऱ्याएमा समेत यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ ।

**(छ) राहत वितरणका क्षेत्रहरूः** राहत वितरणका क्षेत्रहरू तल तालिका नं. १ मा उल्लेख गरिएको छ ।

---

♦ तेस्रो संशोधनद्वारा थप

❒ पहिलो संशोधनद्वारा थप

### तालिका नं. १:  राहत वितरणका क्षेत्र

| वन्यजन्तु | मानवीय क्षति | | | पशुधनको क्षति | भण्डारण गरेको अन्नको क्षति | घर/ गोठको क्षति | खाद्यान्न बालीको क्षति |
|---|---|---|---|---|---|---|---|
| | सामान्य घाइते | सख्त घाइते | मृत्यु | | | | |
| हात्ती | पाउने | पाउने | पाउने | नपाउने | पाउने | पाउने | पाउने |
| गैंडा | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| बाघ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| भालु | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| हिउँ चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| ध्वाँसे चितुवा ▫ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| ब्वाँसो ▫ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| जंगली कुकुर ▫ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| जंगली बंदेल | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने* |
| अर्ना | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| मगर गोही* | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| अजिंगर* | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| गौरी गाई* | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |

४. **राहत रकम प्राप्त गर्नका लागि प्रमाणहरू पेश गर्नु पर्ने:**

राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरू तल तालिका नं.२ मा उल्लेख गरिएको छ ।

### तालिका नं. २:  राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरू

| प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधनको क्षति | भण्डारण गरेको अन्नको क्षति | घर/गोठको क्षति | खाद्यान्न बालीको क्षति |
|---|---|---|---|---|---|---|---|
| | सामान्य घाइते | सख्त घाइते | मृत्यु | | | | |
| पिडित/हकवालाको निवेदन | √ | √ | √ | √ | √ | √ | √ |
| सम्भव भएसम्म मृतकको/पीडितको फोटो | √ | √ | √ | √ | √ | √ | √ |
| मृत्यु दर्ता प्रमाणपत्र | | | √ | | | | |
| घटनास्थलको सर्जमीन मुचुल्का | √ | √ | √ | √ | √ | √ | √ |

▫ पहिलो संशोधनद्वारा थप

* दोस्रो संशोधनद्वारा थप र संशोधित

| प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधनको क्षति | भण्डारण गरेको अन्नको क्षति | घर/गोठको क्षति | खाद्यान्न बालीको क्षति |
|---|---|---|---|---|---|---|---|
| | सामान्य घाइते | सख्त घाइते | मृत्यु | | | | |
| स्वास्थ्य संस्थाको सिफारिस (पोष्टमार्टम रिपोर्ट) ▫ विदेशमा उपचार गराएको भए सरकारी अस्पतालले गरेको सिफारिस संलग्न हुनु पर्ने | √ | √ | √ | | | | |
| प्रहरी प्रतिवेदन | | | √ | | | | |
| सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यवस्थापन *उपभोक्ता समिति वा परिषद् वा सामुदायिक वन उपभोक्ता समितिको सिफारिस | √ | √ | √ | √ | √ | √ | √ |
| सम्बन्धित गाउँपालिका/♦ नगरपालिकाको सिफारिस | √ | √ | √ | √ | √ | √ | √ |
| नाता प्रमाणित कागजात | | | √ | | | | |
| स्वाथ्य संस्थाको सिफारिस र औषधि बिल ▫विदेशमा उपचार गराएको भए सरकारी अस्पतालको सिफारिस र प्रमाणित बिल संलग्न हुनु पर्ने | √ | √ | | | | | |
| पशु सेवा/कृषि सेवा सम्बन्धी प्राविधिकको मूल्यांकन | | | | √ | √ | | √ |
| जग्गाधनी प्रमाण पुर्जा | | | | | | √ | √ |

**५. राहत रकमको हदः**

**(क) मानवीय क्षतिको लागिः**

(अ) सामान्य घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.२०,०००/- (बीस हजार)* सम्म *औषधोपचार खर्च दिने ।

(आ) ▫सख्त घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र बिशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा रु.२,००,०००/- (दुई लाख)* सम्म औषधोपचार खर्च दिने ।

▫ पहिलो संशोधनद्वारा थप

* दोस्रो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा संशोधित

♦"तर वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा नेपाल सरकारले व्यहोर्नेछ ।"

(इ) मृतकको आश्रित परिवार/हकवालाको लागि रु. १०,००,०००/- (दश लाख)* राहत रकम दिने ।

**(ख) पशुधनको क्षतिको लागिः**

(अ) वयस्क भैंसी वा जोत्ने उमेरको राँगो वा गोरु वा उन्नतजातको गाई वा साँढेको मृत्यु भएमा रु. ३०,०००/- (तीस हजार) ▫ सम्म ।

(आ) अन्य पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००/- (दश हजार) सम्म ।

तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

**(ग) घर/गोठ क्षतिको लागिः**

सम्बन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्बन्धी प्रतिवेदन र सिफारिसका आधारमा निम्न अनुसारको राहत रकम उपलब्ध गराइनेछ ।

(अ) घर/गोठ क्षतिको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००/- (दश हजार) सम्म ।

(आ) भकारीमा भण्डारण गरिएको अन्नको मुल्याङ्कन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००/- (दश हजार) सम्म ।

**(घ) खाद्यान्न बालीको क्षतिको लागिः**

(१) सम्बन्धित उपभोक्ता समिति, गाउँपालिका♦/ नगरपालिका तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्बन्धी प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रु. १०,०००/- (दश हजार) सम्म राहत रकम उपलब्ध गराइनेछ ।

तर, एक मौसममा लगाएको बालीको हकमा एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

**६. संस्थागत संरचनाः**

(क) यस निर्देशिका बमोजिमको राहत संरक्षित क्षेत्र कार्यालय♦ मार्फत उपलब्ध गराइनेछ ।

(ख) जिल्लास्तरमा राहत उपलब्ध गराउनका लागि निम्न बमोजिमको एक राहत वितरण सिफारिस समिति रहनेछ :

(अ) संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयको♦ प्रमुख र वन क्षेत्रको हकमा डिभजनल वन अधिकृत♦ — संयोजक

---

▫ पहिलो संशोधनद्वारा थप

* दोस्रो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा थप र संशोधित

(आ) सम्बन्धित मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्र* उपभोक्ता समितिका अध्यक्ष सदस्य

(इ) सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष सदस्य

♦(ई) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचित प्रतिनिधी वा प्रमुख प्रशासकीय अधिकृत सदस्य

♦(उ) उपलब्ध भएमा कृषि ज्ञान केन्द्र वा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रतिनिधि (क्षतिको किसिम अनुसार) सदस्य

समितिले आवश्यकता अनुसार अन्य विज्ञ प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

**७. राहत माग तथा राहत वितरण गर्दाको कार्यविधिः**

(क) राहत सहयोग माग गर्ने व्यक्तिले बाटोको म्याद बाहेक* घटना घटेको मितिले कम्तिमा ३५ दिनभित्र* सम्बन्धित संरक्षित क्षेत्र कार्यालय♦ वा डिभिजन वन कार्यालय♦ समक्ष माथि तालिका नं. २ मा तोकिएका कागजातहरू संलग्न गरी निवेदन दिनु पर्नेछ।

♦(ख) खण्ड (क) बमोजिमको निवेदन सम्बन्धित संरक्षित क्षेत्र कार्यालयमा पेश भएको र सो सम्बन्धमा राहत वितरण सिफारिस समितिले राहत उपलब्ध गराउने निर्णय गरेको अवस्थामा संरक्षित क्षेत्र कार्यालयले कम्तीमा दुई जना माथवर साक्षीको रोहवरमा पीडित वा हकवालालाई राहत रकम भुक्तानीको व्यवस्था गर्नु पर्नेछ।

♦(ग) खण्ड (क) बमोजिमको निवेदन डिभिजन वन कार्यालयमा पेश भएको र सो सम्बन्धमा राहत वितरण सिफारिस समितिले राहत उपलब्ध गराउने निर्णय गरेको अवस्थामा डिभिजन वन कार्यालयले वन तथा वातावरण मन्त्रालयले तोके बमोजिमको संरक्षित क्षेत्र कार्यालयमा त्यस्तो राहत रकम माग गर्नु पर्नेछ। यसरी प्राप्त राहत रकम डिभिजन वन कार्यालयले कम्तीमा दुई जना माथवर साक्षीको रोहवरमा पीडित वा हकवालालाई राहत रकम भुक्तानीको व्यवस्था गर्नु पर्नेछ।

(घ) राहत वितरण गर्दा मानवीय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, गम्भीर तथा सामान्य घाइतेको हकमा निज स्वंय वा निजको मञ्जुरीनामाको आधारमा र अन्य क्षतिको हकमा सम्बन्धित हकवालालाई राहत उपलब्ध गराइनेछ।

(ङ) मानिसको मृत्यु र गम्भिर घाइते भएको अवस्थामा पीडित पक्षबाट माग भएमा मानिस मृत्यु भएकोमा रु. ५०,०००/- (पचास हजार) सम्म र गम्भिर घाइते भएकोमा रु. १०,०००/-(दश हजार) सम्म पीडितले राहत पाउने रकमबाट सोधभर्ना हुने गरी सम्बन्धित कार्यालयबाट अग्रिम भुक्तानी दिन सकिनेछ।

(च) यस निर्देशिका बमोजिम❐ वितरण गरिने राहत रकम ❐ भरसक/सकेसम्म* चेक मार्फत भुक्तानी गरिनेछ।

---

❐ पहिलो संशोधनद्वारा थप

* दोस्रो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा संशोधित

□८. **अनुगमन सम्बन्धी व्यवस्था:**

♦(क) दफा ७ बमोजिम राहत रकम वितरण गरेपछि सोको विवरण राहत वितरण गर्ने कार्यालयले पीडित व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिकाको कार्यालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाउनु पर्नेछ ।

(ख) ♦संरक्षित क्षेत्र कार्यालयले चौमासिक रुपमा राहत वितरण भएको विवरण ♦वन तथा वातावरण मन्त्रालय र *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा चौमासिक बितेको १५ गते भित्र पठाउनु पर्नेछ ।

(ग) ♦सम्बन्धित प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतले आफ्नो क्षेत्रभित्र वितरण भएको राहत पाउने व्यक्ति मध्ये कम्तिमा ♦दश प्रतिशत व्यक्तिलाई भेटी रकम पाए नपाएको र प्रकृयाको बारेमा अनुगमन गरी चौमासिक रुपमा ♦वन तथा वातावरण मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । साथै सो को प्रतिलिपी *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा समेत उपलव्ध गराउनु पर्नेछ । मन्त्रालयबाट सो विवरण मन्त्रालयको वेभसाइटमा र वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नु पर्नेछ ।

♦(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित क्षेत्र कार्यालयले राहत वितरण गरेकोमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।

९. **विविध:**

(क) यस निर्देशिकामा नसमेटिएका वन्यजन्तुले पुऱ्याएको क्षतिका सम्बन्धमा सम्बन्धित मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, सामुदायिक वन उपभोक्ता समिति वा डिभिजन♦ वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयमा दर्ता भएका संस्थाले आफ्नै स्रोतमा यस निर्देशिकाको परिधिभित्र रही राहत रकम उपलव्ध गराउन सक्नेछन् ।

(ख) वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएमा वा अङ्गभङ्ग हुने गरी गम्भिर घाईते भएमा संरक्षण सहयोगी निकायले यस निर्देशिका बमोजिम पाउने राहत रकमका अतिरिक्त थप रकम बिशेष राहत स्वरुप उपलव्ध गराउन सक्नेछन् ।

**♦९क. प्रचलित कानून बमोजिम हुने:**

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य विषयमा यस निर्देशिका बमोजिम हुनेछ ।

**१०. बचाउ:**

यस निर्देशिका स्वीकृत हुनु भन्दा अगाडि उपलव्ध गराइएका राहत रकमहरू यसै निर्देशिका बमोजिम वितरण भएको मानिनेछ ।

---

* दोस्रो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा संशोधित र थप

♦**रुपान्तर**: मूल निर्देशिकाको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

(क) "गाउँ विकास समिति" को सट्टा "गाउँपालिका",

(ख) "जिल्ला वन कार्यालय" को सट्टा "डिभिजन वन कार्यालय",

(ग) "जिल्ला वन अधिकृत" को सट्टा "डिभिजनल वन अधिकृत",

(घ) "वन तथा भू-संरक्षण मन्त्रालय" को सट्टा "वन तथा वातावरण मन्त्रालय" र

(ङ) "क्षेत्रीय वन निर्देशनालय" को सट्टा "संरक्षित क्षेत्र कार्यालय"।

♦**निर्देशिकाको दफा ७ को खण्ड (ग) को प्रयोजनको लागिः-**

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (तेस्रो संशोधन, २०७५) को दफा ७ को खण्ड (ग) अनुसार डिभिजन वन कार्यालयले सम्बन्धित संरक्षित क्षेत्र कार्यालयमा राहत माग गर्न वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७५/८/१० को निर्णयबाट निम्न बमोजिम तोकिएको

| **क्र.सं.** | **डिभिजन वन कार्यालय** | **संरक्षित क्षेत्र कार्यालयको नाम** |
|---|---|---|
| १ | डिभिजन वन कार्यालय, पाँचथर | कञ्चनजंघा संरक्षण क्षेत्र |
| २ | डिभिजन वन कार्यालय, ताप्लेजुङ | |
| ३ | डिभिजन वन कार्यालय, झापा | कोशीटप्पु वन्यजन्तु आरक्ष |
| ४ | डिभिजन वन कार्यालय, इलाम | |
| ५ | डिभिजन वन कार्यालय, मोरङ्ग | |
| ६ | डिभिजन वन कार्यालय, सुनसरी | |
| ७ | डिभिजन वन कार्यालय, धनकुटा | |
| ८ | डिभिजन वन कार्यालय, तेह्रथुम | |
| ९ | डिभिजन वन कार्यालय, सप्तरी | |
| १० | डिभिजन वन कार्यालय, सिराहा | |
| ११ | डिभिजन वन कार्यालय, उदयपुर | |
| १२ | डिभिजन वन कार्यालय, त्रिवेणी | |
| १३ | डिभिजन वन कार्यालय, भोजपुर | मकालु वरुण राष्ट्रिय निकुञ्ज |
| १४ | डिभिजन वन कार्यालय, संखुवासभा | |
| १५ | डिभिजन वन कार्यालय, खोटाङ | |
| १६ | डिभिजन वन कार्यालय, ओखलढुङ्गा | |
| १७ | डिभिजन वन कार्यालय, सोलुखुम्बु | सगरमाथा राष्ट्रिय निकुञ्ज |
| १८ | डिभिजन वन कार्यालय, रामेछाप | गौरीशंकर संरक्षण क्षेत्र |
| १९ | डिभिजन वन कार्यालय, दोलखा | |

♦ तेस्रो संशोधनद्वारा संशोधित

| क्र.सं. | डिभिजन वन कार्यालय | संरक्षित क्षेत्र कार्यालयको नाम |
|---|---|---|
| २० | डिभिजन वन कार्यालय, काठमाण्डौं | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज |
| २१ | डिभिजन वन कार्यालय, ललितपुर | |
| २२ | डिभिजन वन कार्यालय, भक्तपुर | |
| २३ | डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक | |
| २४ | डिभिजन वन कार्यालय, सिन्धुपाल्चोक | |
| २५ | डिभिजन वन कार्यालय, नुवाकोट | लामटाङ राष्ट्रिय निकुञ्ज |
| २६ | डिभिजन वन कार्यालय, रसुवा | |
| २७ | डिभिजन वन कार्यालय, धनुषा | पर्सा राष्ट्रिय निकुञ्ज |
| २८ | डिभिजन वन कार्यालय, महोत्तरी | |
| २९ | डिभिजन वन कार्यालय, सर्लाही | |
| ३० | डिभिजन वन कार्यालय, सिन्धुली | |
| ३१ | डिभिजन वन कार्यालय, मरिन | |
| ३२ | डिभिजन वन कार्यालय, रौतहट | |
| ३३ | डिभिजन वन कार्यालय, बारा | |
| ३४ | डिभिजन वन कार्यालय, पर्सा | |
| ३५ | डिभिजन वन कार्यालय, मकवानपुर | |
| ३६ | डिभिजन वन कार्यालय, राप्ती | |
| ३७ | डिभिजन वन कार्यालय, चितवन | चितवन राष्ट्रिय निकुञ्ज |
| ३८ | डिभिजन वन कार्यालय, नवलपुर (बर्दघाट सुस्ता पूर्व) | |
| ३९ | डिभिजन वन कार्यालय, परासी (बर्दघाट सुस्ता पश्चिम) | |
| ४० | डिभिजन वन कार्यालय, रुपन्देही | |
| ४१ | डिभिजन वन कार्यालय, धादिङ्ग | |
| ४२ | डिभिजन वन कार्यालय, गोरखा | मनास्लु संरक्षण क्षेत्र |
| ४३ | डिभिजन वन कार्यालय, तनहुँ | अन्नपूर्ण संरक्षण क्षेत्र |
| ४४ | डिभिजन वन कार्यालय, स्याङ्गजा | |
| ४५ | डिभिजन वन कार्यालय, लमजुङ्ग | |
| ४६ | डिभिजन वन कार्यालय, मुस्ताङ | |
| ४७ | डिभिजन वन कार्यालय, मनाङ | |
| ४८ | डिभिजन वन कार्यालय, कास्की | |
| ४९ | डिभिजन वन कार्यालय, पर्वत | ढोरपाटन शिकार आरक्ष |
| ५० | डिभिजन वन कार्यालय, बाग्लुङ्ग | |
| ५१ | डिभिजन वन कार्यालय, म्याग्दी | |

| क्र.सं. | डिभिजन वन कार्यालय | संरक्षित क्षेत्र कार्यालयको नाम |
|---|---|---|
| ५२ | डिभिजन वन कार्यालय, कपिलवस्तु | बाँके राष्ट्रिय निकुञ्ज |
| ५३ | डिभिजन वन कार्यालय, गौतमबुद्ध | |
| ५४ | डिभिजन वन कार्यालय, पाल्पा | |
| ५५ | डिभिजन वन कार्यालय, अर्घाखाँची | |
| ५६ | डिभिजन वन कार्यालय, गुल्मी | |
| ५७ | डिभिजन वन कार्यालय, दाङ | |
| ५८ | डिभिजन वन कार्यालय, देउखुरी | |
| ५९ | डिभिजन वन कार्यालय, प्युठान | |
| ६० | डिभिजन वन कार्यालय, रोल्पा | |
| ६१ | डिभिजन वन कार्यालय, सल्यान | |
| ६२ | डिभिजन वन कार्यालय, रुकुम पूर्व | |
| ६३ | डिभिजन वन कार्यालय, रुकुम पश्चिम | |
| ६४ | डिभिजन वन कार्यालय, कालिकोट | |
| ६५ | डिभिजन वन कार्यालय, हुम्ला | |
| ६६ | डिभिजन वन कार्यालय, बाँके | |
| ६७ | डिभिजन वन कार्यालय, भेरी | |
| ६८ | डिभिजन वन कार्यालय, सुर्खेत | |
| ६९ | डिभिजन वन कार्यालय, दैलेख | |
| ७० | डिभिजन वन कार्यालय, जाजरकोट | |
| ७१ | डिभिजन वन कार्यालय, डोल्पा | शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज |
| ७२ | डिभिजन वन कार्यालय, मुगु | रारा राष्ट्रिय निकुञ्ज |
| ७३ | डिभिजन वन कार्यालय, जुम्ला | |
| ७४ | डिभिजन वन कार्यालय, डोटी | खप्तड राष्ट्रिय निकुञ्ज |
| ७५ | डिभिजन वन कार्यालय, बाजुरा | |
| ७६ | डिभिजन वन कार्यालय, बझाङ | |
| ७७ | डिभिजन वन कार्यालय, दार्चुला | अपिनाम्पा संरक्षण क्षेत्र |
| ७८ | डिभिजन वन कार्यालय, बर्दिया | बर्दिया राष्ट्रिय निकुञ्ज |
| ७९ | डिभिजन वन कार्यालय, कञ्चनपुर | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज |
| ८० | डिभिजन वन कार्यालय, पहलमानपुर | |
| ८१ | डिभिजन वन कार्यालय, कैलाली | |
| ८२ | डिभिजन वन कार्यालय, बैतडी | |
| ८३ | डिभिजन वन कार्यालय, डडेल्धुरा | |
| ८४ | डिभिजन वन कार्यालय, अछाम | |

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

**योजना महाशाखा**

पत्र संख्याः-
चलानी नं.:- १०८९
प्राप्त पत्र संख्या र मितिः

मिति : २०७४।०२।२६

नेपाल तथा भू-संरक्षण मन्त्रालय सिंहदरबार, काठमाडौं

बिषय : निर्देशिका कार्यान्वयन सम्वन्धमा ।

श्री वन विभाग
बबरमहल, काठमाडौं ।

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

प्रस्तुत विषयमा वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ (दोस्रो संशोधन २०७४), नेपाल सरकार (माननीय मन्त्रीपरिषद्) को मिति २०७४।०२।१९ को निर्णयवाट स्वीकृत भएकाले कार्यान्वयनको लागी छाँयाकपी थान १ यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७४।०२।२६
..................
भुवन तिमल्सिना
स. योजना अधिकृत

**वोधार्थ**
भू तथा जलाधार संरक्षण विभाग/ वन अनुसन्धान तथा सर्वेक्षण विभाग/वनस्पति विभाग.......... **(जानकारीको लागी ।)**

श्री पूर्वाञ्चल क्षेत्रिय वन निर्देशनालय,विराटनगर /मध्यमाञ्चल क्षेत्रिय वन निर्देशनालय, हेटौंडा / पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय, पोखरा / मध्य-पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय, सुर्खेत / सुदुर-पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय, धनगढी .....................( **जानकारीको लागी ।)**

सचिव : ४२११५६७, वातावरणः ४२११८९२, प्रशासनः ४२११८९१, योजनाः ४२११९३६, अनुगमनः ४२११८६४, वैदेशिकः ४२११८६२, फ्याक्स : ४२११८६८

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा

पत्र संख्याः- नीति/०७५।७६
चलानी नं.:- ३९८
प्राप्त पत्र संख्या र मितिः-

मिति २०७५।०८।१२

श्री वन तथा भू-संरक्षण विभाग, बबरमहल।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३, हेटौडा।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २, जनकपुर।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (तेस्रो संशोधन), २०७५" नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।८।३ को निर्णयबाट स्वीकृत भएको व्यहोरा अनुरोध छ। साथै सोही निर्देशिकाको दफा ७ को खण्ड (ग) मा भएको डिभिजन वन कार्यालयहरु र राहत माग गर्ने सम्बन्धित संरक्षित क्षेत्र कार्यालयहरु वन तथा वातावरण मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था अनुसार नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।०८।१० को निर्णय अनुसार तोकिएको हुँदा उक्त संशोधित निर्देशिका र निर्णय यसैसाथ संलग्न भए बमोजिम कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ।

२०७५।८।१२
श्रद्धा सिग्देल
स. वन अधिकृत

बोधार्थः
श्री सूचना अधिकारी, वन तथा वातावरण मन्त्रालय।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा

पत्र संख्याः- नीति/०७५/७६
चलानी नं.:- ५११
प्राप्त पत्र संख्या र मितिः-

रा.नि. तथा व.सं. विभाग
द.नं. ३५२८
मिति ०७५/१०/४

मिति २०७५।१०।०२

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाह पथ, काठमाडौं।

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (तेस्रो संशोधन), २०७५" को दफा ५ को खण्ड (क) को उपखण्ड (आ) पछि **"तर वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा नेपाल सरकारले व्यहोर्ने छ।"** भन्ने वाक्यांश थप गरी नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।८।३ को निर्णयबाट स्वीकृत भएको हुँदा सो निर्णय कार्यान्वयन गर्न जिल्ला स्थित सरकारी अस्पतालहरुमा सो निर्णयको जानकारी गराईदिनुहुन निर्णयानुसार अनुरोध गर्दछु। साथै सो स्वीकृत निर्देशिकाको छाँयाकपी (पाना ३) यसैसाथ संलग्न राखी पठाइएको छ।

२०७५/१०/०२

श्रद्धा सिग्देल
स. वन अधिकृत

बोधार्थः
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
ववरमहल, काठमाडौं।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
(वन्यजन्तु अपराध नियन्त्रण शाखा)

फोन नं.: ४२२०८५०
४२२०९१२
४२२७९२६
फ्याक्स नं.: ४२२७६७५

पो.ब.नं. - ८६०
बबरमहल, काठमाण्डौ
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

संकेत नं :-
पत्र संख्या :- २०७५ / ०७६ / व.अ.नि. ५८
चलानी नं :- ९६२३

मितिः २०७५/१०/४

विषयः **निर्णय कार्यान्वयन सम्बन्धमा** ।

श्री चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन ।
श्री बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा, बर्दिया ।
श्री बाँके राष्ट्रिय निकुञ्ज कार्यालय, ओभरी, बाँके ।
श्री रारा राष्ट्रिय निकुञ्ज कार्यालय, हुटु, मुगु ।
श्री सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय, नाम्चे, सोलुखुम्बु ।
श्री मकालुबरुण राष्ट्रिय निकुञ्ज कार्यालय, सेदुवा, संखुवासभा ।
श्री खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, खप्तड, बाजुरा ।
श्री शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय, पानीमुहान, काठमाण्डौ ।
श्री शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय, सुलीगांड, डोल्पा ।
श्री लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, धुन्चे, रसुवा ।
श्री पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय, आधाभार, पर्सा ।
श्री शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, मझगाँउ, कञ्चनपुर ।
श्री कोशीटप्पु वन्यजन्तु आरक्ष कार्यालय, कुशाहा, सुनसरी ।
श्री ढोरपाटन शिकार आरक्ष कार्यालय, बाग्लुङ ।
श्री अन्नपुर्ण संरक्षण क्षेत्र, सम्पर्क अधिकारीको कार्यालय, हरियो खर्क, पोखरा ।
श्री गौरीशंकर संरक्षण क्षेत्र, सम्पर्क अधिकारीको कार्यालय, दोलखा ।
श्री मनास्लु संरक्षण क्षेत्र, सम्पर्क अधिकारीको कार्यालय, गोरखा ।
श्री कञ्चनजङ्गा संरक्षण क्षेत्र, सम्पर्क अधिकारीको कार्यालय, ताप्लेजुङ्ग ।
श्री अपिनाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुला ।
श्री कृष्णसार संरक्षण क्षेत्र कार्यालय, खैरापुर, बर्दिया ।

प्रस्तुत विषयमा वन तथा वातावरण मन्त्रालयको पत्र संख्या नीति/०७५/०७६ च.नं. ५११ मिति २०७५/१०/२ को पत्रको छाँयाकपी यसैसाथ संलग्न गरी जानकारी एवं आवश्यक कारवाहीको लागि पठाइएको छ । सो पत्रमा उल्लेख भए वमोजिमको **वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार** सम्बन्धमा सरकारी अस्पतालसँग समन्वय गरी कार्य गर्न गराउन हुन निर्देशानुसार अनुरोध गर्दछु ।

२०७५/१०/४

(रुपक महर्जन)
सहायक अनुसन्धान अधिकृत